# रत्ननगर नगरपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्बन्धि कार्यविधि, २०७७

## प्रस्तावना :

नेपालको स्वास्थ्य सेवाको क्षेत्रमा विगत देखि नै निरन्तर योगदान पुऱ्याउँदै आएको महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकाहरुलाई परिचालन गर्दै स्वास्थ्य सेवालाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न वान्छनिय देखिएकोले स्थानिय सरकार संचालन ऐनको दफा ११ को उपदफा ७ ले दिएको अधिकार वमोजिम महिला स्वास्थ्य स्वयंसेविका परिचालन सम्बन्धि कार्यविधि तयार पारिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

क. यस कार्यविधिको नाम रत्ननगर नगरपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका परिचालन सम्बन्धि कार्यविधि, २०७७ रहेको छ ।
ख. यो कार्यविधि स्थानिय नगरपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

## २. परिभाषा :

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क. “नगरपालिका” भन्नाले रत्ननगर नगरपालिकालाई सम्झनु पर्नेछ ।

ख. “कार्यविधि” भन्नाले रत्ननगर नगरपालिकाको महिला स्वास्थ्य स्वयंसेविका परिचालन सम्बन्धि कार्यविधि, २०७७ सम्झनु पर्नेछ ।

ग. “कार्यपालिका” भन्नाले रत्ननगर कार्यपालिकालाई सम्झनु पर्नेछ ।

घ. “कार्यलय” भन्ननले रत्ननगर नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्नेछ ।

ङ. “महिला स्वास्थ्य स्वयंसेविका” भन्नाले रत्ननगर नगरपालिका भित्र कार्यरत नियमानुसार छनौट भएका महिला स्वास्थ्य स्वयंसेविका सम्झनु पर्नेछ ।

च. “स्वास्थ्य संस्था” भन्नाले यस नगरपालिका भित्र रहेको संचालनमा रहेका स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्र सम्झनु पर्छ ।

छ. “स्वास्थ्य शाखा” भन्नाले रत्ननगर नरगपालिकामा रहेको स्वास्थ्य शाखा सम्झनु पर्छ ।

ज. “स्वयंसेविका छनौट समिति” भन्नाले नियमानुसार गठन भएको महिलन स्वास्थ्य स्वयंसेविका छनौट समितिलाई सम्झनु पर्छ ।

झ. “नगर प्रमुख” भन्नाले रत्ननगर नगरपालिकाको नगर प्रमखुलाई सम्झनु पर्छ ।
ञ. “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले रत्ननगर नगरपालिकाको कार्यालयका प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।
ट. “सेवा सुविधा” भन्नाले संघ, प्रदेश र यस नगरपालिकाबाट स्वीकृत भई महिला स्वास्थ्य स्वयंसेविकालाई प्रदान गरिने सेवा सुविधा सम्झनु पर्छ ।

**३. उद्देश्य :**

क. महिला स्वास्थ्य स्वयंसेविकालाई सेवामा उत्प्रेरणा जगाउने ।
ख. नगरपालिकाको स्वास्थ्य सम्बन्धि कार्यक्रमहरुमा महिला स्वास्थ्य स्वयंसेविकालाई परिचालन गरि निर्धारित समयमै लक्ष्य हासिल गर्ने ।
ग. नियमित स्वास्थ्य क्षेत्रको लक्ष्य प्राप्त गर्न उत्प्रेरित गराउने ।
घ. संघिय, प्रादेशिक तथा नगरपालिकाले निर्धारण गरेको स्वास्थ्य प्रवर्द्धन सम्बन्धि लक्ष्य तथा उद्देश्य हासिल गर्ने ।

## ४. स्वास्थ्य आमा समूह गठन तथा कार्य विवरण सम्बन्धि :

आमा समूह गठन तथा छनौट गर्ने आधारहरु देहाय बमोजिम हुनेछन् ।
क. आमा समुह गठनका लागि एउटै टोलका कम्तिमा २५ जना (विवाहित महिला, गर्भवति, बच्चाका आमा, सासुहरु) सहभागी भएको समुह हुनुपर्नेछ ।
ख. पहिले देखि नै गठन भई संचालनमा रहेको आमा समूहलाई दफा ४ (क) बमोजिम हुने गरि कार्यालयबाट पुर्नगठन गर्न सकिनेछ ।
ग. सहभागिहरु मध्येबाट सर्व सम्मत रुपमा छनौट एक जना अध्यक्ष र अन्य सहभागि सदस्य रहने छन । आमा समुहको सदस्य सचिवको काम महिला स्वास्थ्य स्वयंसेविकाले गर्नेछ ।

## ५. महिला स्वयंसेविकाको छनौट :

महिला स्वास्थ्य स्वयंमसेविकामा छनौट हुनका लागि देहाय बमोजिमको मापदण्ड पुरा भएको हुनुपर्नेछ ।

१. महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा नियुक्त हुने महिला सम्बन्धित वडा र टोलको स्थायी बासिन्दा र आमा समूहको सदस्य हुनुपर्नेछ ।
२. निशुल्क रुपमा (स्वयंसेवकको रुपमा) काम गर्न ईच्छुक हुनुपर्नेछ ।

३. उमेर २५ वर्ष पुरा गरी ४५ वर्ष ननाघेको विवाहित महिला हुनुपर्नेछ ।
४. कम्तीमा १० कक्षा पास हुनुपर्नेछ ।
५. तोकिएको ढाँचामा निवेदन लिइ सम्बन्धित आमा समूहबाट छनौट भई स्वास्थ्य संस्था र सम्बन्धित वडा समितिको र सम्बन्धित स्वास्थ्य संस्थाको सिफारिस भएको हुनुपर्नेछ ।
६. निवेदकहरु एक भन्दा धेरै भएमा सम्बन्धित वडाको स्वास्थ्य संस्था प्रमुखले सेवाक्षेत्र भित्रका आमा समुह मध्येका
अधिकतम सदस्यहरुले छानेको महिला स्वास्थ्य स्वयंसेविकालाई वडा कार्यालयको सिफारिसमा नगरकार्यपालिकाले छनोट गर्नेछ ।
७. फौजदारी अभियोगमा कसुरदार नभएको हुनुपर्नेछ ।
८. मानसिक सन्तुलन ठिक भएको हुनुपर्नेछ ।
९. परिवारको मन्जुरी भएको हुनुपर्नेछ ।
१०. सरकारी तथा गैरसरकारी संस्थाको कर्मचारी नभएको हुनुपर्नेछ ।

( नोट : यस कार्यविधि प्रारम्भ हुदाका बखत कुनै महिला स्वास्थ्य स्वयंसेविका यस कार्यविधिको दफा ५(१०) बमोजिम भएको पाईएमा कार्यविधि प्रारम्भ भएको मितिले ३ महिना भित्र सेवा अवधि समाप्त भएको मानिनेछ । )

## ६. काम कर्तव्य र जिम्मेवारी :

१. तोकिएको कार्यक्षेत्र भित्रका सम्पूर्ण घरधुरी, उमेर समूहको जनसंख्या, प्रजनन उमेरका महिलाहरुको संख्या लगायत सम्पूर्ण जनसंख्याको लगत राख्नुपर्नेछ ।
२. सम्बन्धित स्वास्थ्य संस्था वडा र नगरपालिकाको मातहातमा रहि सेवा गर्नुपर्ने छ ।
३. नेपाल सरकारले तोकेको सम्पूर्ण स्वास्थ्य सम्बन्धि क्रियाकलापमा सहभागी भइ सहयोग गर्नुपर्ने छ ।
४. गाउँघर क्लिनिक, खोप क्लिनिक तथा राष्ट्रिय अभियानहरुमा सहभागि भइ कार्य गर्नुपर्ने छ ।
५. हरेक महिनाको अन्त्यमा आफूले गरेका कामहरुको प्रतिवेदन सम्बन्धित स्वास्थ्य संसथामा पेश गर्नुपर्ने छ ।
६. नेपाल सरकारले स्थानीयस्तरमा प्रदान गर्ने स्वास्थ्य सेवा (जस्तैः गर्भवतीलाई आइरन चक्की वितरण, परिवार नियोजनका अस्थायी साधनहरु वितरण, सामान्य रुघाखोकीको घरेलु उपचार, स्वास्थ्य परामर्श तथा प्रेषण, झाडा पखालाको उपचार, परामर्श तथा प्रेषण) हरुलाई निरन्तर रुपमा सहभागि भइ सेवा दिन पर्नेछ ।

७. महिला स्वास्थ्य स्वयंसेविकालाई पायक पर्ने गाउँटोल र आवश्यकता अनुसार खटिई काम गर्नु पर्नेछ ।
८. कार्यलयले घरधुरि, जनसंख्या, गाउँ र टोल एकिन गरि महिला स्वास्थ्य स्वयंसेविकाको संख्या र कार्यक्षेत्र तोक्न सक्नेछ ।
९. महिला स्वयंसेविकाको आचारसंहिता अनुसुचि १ बमोजिम हुनेछ ।

## ७. सेवा सुविधा :

१. महिला स्वास्थ्य स्वयंसेविकाहरुको कुनै मासिक पारिश्रमिक हुने छैन ।
२. नेपाल सरकारले प्रदान गरेको पोशाक तथा यातायात सुविधा बार्षिक रुपमा उपलब्ध गराईनेछ ।
३. सेवा उमेर पुगि वा स्वच्छिक बिदाई हुदा महिला स्वयंसेविकालाई प्रोत्सहान स्वरुप नगरपालिकाले निम्नानुसार एक मुष्ठ आर्थिक सुविधा उपलब्ध गराईने छ ।

- ५ वर्ष भन्दा कम सेवा गर्नेले — नपाउने
- १० वर्ष सम्म सेवा गर्नेलाई — २५ हजार रुपैँया
- १५ वर्ष सम्म सेवा गर्नेलाई — ३५ हजार रुपैँया
- २० वर्ष सम्म सेवा गर्नेलाई — ५० हजार रुपैँया
- २५ वर्ष सम्म सेवा गर्नेलाई — ७० हजार रुपैँया
- ३० वर्ष सम्म सेवा गर्नेलाई — ८५ हजार रुपैँया
- ३० वर्ष सम्म भन्दा बढी सेवा गर्नेलाई — १ लखा रुपैँया

४. स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन नगरपालिकाको स्विकृति लिई कुनै संघ संस्थाले म. स्वा. स्व. सेविकालाई प्रोत्साहित गर्न स्वास्थ्य सम्बन्धि काममा लगाउन सक्नेछ ।

## ८. सेवा उमेरको व्यवस्था :

१. महिला स्वास्थ्य स्वयंसेविकाहरुको सेवा उमेर ६० वर्ष हुनेछ ।
२. स्वेच्छिक बिदाई :
क. कुनै महिला स्वास्थ्य स्वयंसेविकाले कुनै कारणवस सेवा गर्न नसक्ने भएमा आवश्यक कारण खुलाई सम्बन्धित आमा समुहमा राजिनामा पेश गर्नुपर्नेछ ।
ख. आमा समुह र वडा कार्यलयको सिफारिसमा कार्यलयको राजिनामा स्वीकृत गरेपछि सेवा मुक्त भएको मानिनेछ ।

३. सेवा मुक्त हुने अवस्था :

क. नेपाल सरकारले गैर कानूनी मानेको कार्यमा संलग्न भएमा ।

ख. मानसिक सन्तुलन गुमाएमा ।

ग. फौजदारी अभियोगमा कसुरदार ठहरिएमा ।

घ. बसाईसराई गरी अर्को स्थानमा गएमा ।

ङ. कामकाज सन्तोष जनक नभएको भनि वडा समितिको निर्णय वा कार्यलयबाट सेवा सन्तोषजनक नभएको ठहराएमा ।

## ९. थपघट र हेरफेर :

नगरको आवश्यकता, प्राथमिकता एवं सन्दर्भ समेतलाई मध्य नजर गरी रत्ननगर नगरपालिकाले यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

## १०. बाधा अड्काउ फुकाउ :

यो कार्यविधि कार्यान्वयका क्रममा कुनै बाधा आई परेमा नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## ११. बचाउ तथा खारेजी :

क. यस कार्यविधिमा व्यवस्था भएका कुराहरु, स्थानिय सरकार संचालन ऐन, २०७४ र अन्य ऐन, नियमहरुसँग बाझिएको हद सम्म स्वतः अमान्य हुनेछ ।

ख. यो कार्यविधि लागु हुनु भन्दा पहिले रत्ननगर नगरपालिका अन्तर्गत संचालित कार्यक्रम र नियुक्त महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।